# *लोक सेवा आयोग*

## *तथ्यांक तथा प्रकाशन शाखा*

## कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनसम्बन्धी सूचना

## सूचना नं. १२२/०६४-६५

निजामती सेवा ऐन, २०४९ को दफा ७ (१) र दफा ७ (१५) बमोजिम कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा पूर्ति हुने राजपत्रांकित पदहरूको विवरण आयोगको समायोजनको सूचना नं. ५२, ५५, ६१ र ६४ मिति २०६४ मंसिर २६, पुष ४, पुष १८, र पुष २५ गते आयोगको बुलेटिन र गोरखापत्रमा प्रकाशन भै सकेको छ। उल्लेखित पदहरूमा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम बढुवा भएका कर्मचारीहरूले नि.से.नि. २०५० को नियम ७७क बमोजिम समायोजन गर्ने प्रयोजनको लागि सोही नियमावलीको नियम ७४ बमोजिम लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०६५/३/१७ गतेसम्ममा दरखास्त दिन सूचना गरिन्छ।

दरखास्त फारामको नमूना यसै सूचनासाथ प्रकाशन गरिएको छ। दरखास्त फाराम लोक सेवा आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालयहरू र अञ्चल कार्यालयहरूबाट निःशुल्क उपलब्ध हुनेछन्। आयोगको Website: www.psc.gov.np बाट समेत दरखास्त फाराम डाउनलोड गर्न सकिने छ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसंग भरी दरखास्त दाखिला गर्ने अन्तिम मितिभित्र आयोगको केन्द्रीय कार्यालय, दरखास्त दर्ता फाँट
कमलपोखरी, काठमाडौंमा बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

**पुनश्चः**

(क) दरखास्त फाराम साथ निजामती सेवा ऐन २०४९ को दफा २४घ१ बमोजिम भएको बढुवा र सो भन्दा तल्लो पदको नियुक्ति पत्र पेश गर्नु पर्नेछ।

(ख) दरखास्त फाराममा कर्मचारी संकेत नम्बर र अन्य खुलाउनु पर्ने विवरण दरखास्त फारामको विभिन्न महलहरूमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

## आयोगबाट निर्धारित दरखास्त फारामको नमूना

### लोक सेवा आयोग

### कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनको प्रयोजनको लागि

### दरखास्त फाराम

(नि.से.नि., २०५० को परिच्छेद १० नियम ७४ संग सम्बन्धित)

| | |
|---|---|
| | **कर्मचारी संकेत नं.:** |

| | |
|---|---|
| सूचना नं : | समायोजन हुने पद : |
| श्रेणी : | सेवा : |
| समूह : | उपसमूह : |

| | |
|---|---|
| उम्मेदवारको पूरा नाम, थर : | लिङ्ग : |
| ठेगाना : | बहाल रहेको कार्यालय : |
| सेवा : | बाबुको नाम : |
| समूह : | आमाको नामः |
| उपसमूह : | बाजेको नाम : |

नोकरी विवरण (हालको पद र हालको पद भन्दा एक श्रेणी मुनिको पदको)

| क्र. सं. | पदको नाम, श्रेणी, सेवा, समूह, उपसमूह | कार्यालयको नाम | नियुक्ति वा बढुवाको निर्णय मिति | कसरी आएको | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

माथि उल्लेखित विवरण सांचो हो। गलत ठहरे कानून बमोजिम सजाय स्वीकार गर्नेछु भनी सहीछाप गर्ने :

| | |
|---|---|
| कर्मचारीको नाम : | सही : ................................ |
| पद : | मिति : |

| | |
|---|---|
| कार्यालयको छाप | उपरोक्त व्यहोरा कार्यालयमा रहेको निजको अभिलेख अनुसारको हो र यसमा निजले मेरो रोहवरमा सहीछाप गरेको ठीक हो भनी<br>विभागीय/कार्यालय प्रमुखको नाम :<br>कर्मचारी संकेत नं.:<br>कार्यालय :<br>दस्तखत :<br>मिति : |

दरखास्त साथ ऐनको दफा २४घ१ वमोजिम बढुवाको नियुक्ति पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।